# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिलीचोङ गाउँपालिका
## संखुवासभा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिलीचोङ गाउँपालिका

संखुवासभा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिलीचोङ गाउँपालिका

संखुवासभा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षण मान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यबस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयन योग्य सुझाव प्रदान गरी सुशासन कायम गर्नसहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेतापनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीतिलिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएकोछ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्नेकतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको,स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजुफस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरादेखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१५

प.सं. २०८०।८१
च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्ष ज्यू ,
सिलीचोङ्ग गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ताम्कु, संखुवासभा।

१. **कैफियतसहितको राय–** हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड २४ लाख ४१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएको छ ।उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ४२ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ३२ लाख ५२ हजार, नियमित गर्नुपर्ने रु.४८ लाख ४ हजार र पेश्की बाँकी रु. ९५ समेत रु ३ करोड २४ लाख ४१ हजार रहेको छ ।यस गाउँपालिकाको गतवर्ष सम्म रु.२ करोड ५८ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.५ करोड ८२ लाख ६२ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं।त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं।

लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमारहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

सिलीचोङ्ग गाउँपालिका,
संखुवासभा जिल्ला,

## १. चालु वर्ष२०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | २५ | ३२४४१ | ० | ० | ० | ५९ | २५ | ३२४४१ | ४२९० | ४८०४ | २३२५२ | ० | ० | ३२४४१ | ९५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| संखुवासभा | २५८२१ | ० | ० | २५८२१ | ० | ३२४४१ | ५८२६२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण – संम्परीक्षण पेश नभएको ।

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | चालु वर्षको | | | |
| | गत विगत वर्षतर्फको | | | |

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेश, सँखुवासभा जिल्लामा अवस्थित यो गाउँपालिका पहाडी भू-वनोट भएको गाँउपालिका हो । यस क्षेत्रफल ५०१.९८ वर्ग कि.मि. रहेको छ । यस नगरपालिकामा ५ वटा वडाहरूमा विभाजन गरिएको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।३१ देखि २०८०।६।२ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू. सीमाको रू.पमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय – व्ययतर्फ रू.. ५४,२६,५६,६२८।१० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **वित्तिय प्रतिवेदन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सैद्धान्तिक बेरूजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तिय विवरणको यथार्थता –** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. ५२५१२३५२।००, गरिबसँग विश्वेश्वर कार्यक्रमको रू.४६३०००।०० र स्थानीय तह प्रशासकीय भवन पुर्वाधार बिकास कार्यक्रमको रू.५०००००० ।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

४ **फरक जिम्मेवारी –** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रू.९५५४९०८७।७२ मौज्दात रहेकोमा यो वर्ष रू.९८३०९४३५।०० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.२७६०३४७।२८ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने ।

| सैद्धान्तिक बेरूजु |
|---|

५ **संघीय राजस्वमा फिर्ता –** संघीय ससर्तको कार्यक्रम तर्फ खर्च नभएको फिर्ता रकम संघीय राजस्वमा दाखिला गर्नुपर्दछ । पालिकाले संघीय ससर्तको कार्यक्रम तर्फ खर्च नभई बाँकी रहेको रू. ४०,७४,०००।०० संचित कोष खातामा रहेकोले संघीय राजस्वमा फिर्ता दाखिला हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | ४०,७०,००० |
|---|---|

६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३

बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, लेखा अधिकृत सहित ३८ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरूजु

७ **बैङ्क हिसाब विवरण –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ता अनुसार मौज्दात रू. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रू. | फरक रू. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २५५६२९४९।७० | ५४३७१३१२।१२ | २८८०८३६२।४२ |
| विविध खर्च खाता | ४०१६८४।०० | ४६९५६९।५० | ६७८८५।५ |
| धरौटी | २०६८२४८।०० | ३५४२५४९।५८ | १४७४३०१।५८ |
| **जम्मा** | | | ३०३५०५४९।५ |

सैद्धान्तिक बेरूजु

८ **तलवी प्रतिवेदन –** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रू.३८,४६,०००।०० शिक्षातर्फ शिक्षकहरूको रू.६,४१,००,०००। र पालिकाका कर्मचारीको रू.८४,५०,०००।०० समेत रू.७,६३,९६,०००।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

९ **आन्तरिक नियन्त्रण प्रणाली –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन ।यस सम्बन्धमा परीक्षण गर्दा गाँउपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, गाँउपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, गाँउपालिकाले आफ्नो क्षेत्रभित्रत्का बिद्यालय गर्न अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्रासीमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरूजु व्यबस्थापन सम्बन्धी फारामहरू अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरूजु र कोष तथा खातामा बाँकी रहेको रकम गाँउपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरूजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१० **बजेट पेश, पारित र अख्तियारी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रू. ५० करोड १७ लाख बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१२ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

११ **बजेट सिमा निर्धारण समिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिना भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुईवर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन।ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१२ **आन्तरिक आय –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५,७७,२७,६७८.९१ | २३९६०६२.२३ | ०.९३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरूजु

१३ **आवधिक योजना –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति –** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३४४९५७८।०० | २३३८५५२९।०० | ५.६ |
| २ | सामाजिक क्षेत्र | २२०९०५६००।०० | १८६९५३४६९।०० | ४४.७७ |
| ३ | पूर्वाधार विकास क्षेत्र | १४९०४८६५९।०० | १२३७६९४८७।०० | २९.६४ |
| ४ | संस्थागत विकास र सेवाप्रवाह | ८५५००००।०० | ६५६०१६२।०० | १.५७ |
| ५ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ८९८१४६७९।०० | ७६९३५३४२।०० | १८.४२ |
| **जम्मा** | | ५०१७६८५१६।०० | ४१७६०३९९०।०० | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४४.७७ प्रतिशत र संस्थागत विकास र सेवा प्रवाहमा सबै भन्दा घटीमा १.५७ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरूजु

१५ **वार्षिक खरिद योजना/गुरूयोजना–** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१५,८०,१९,३०२.०७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरू योजना नबनाई खरिद कार्य गरेको देखियो।अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

१६ **सेवा प्रवाह –** स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ। स्थानीय तहमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन। गाउँ/नगर सभाबाट धेरै संख्यामा स-साना टुक्रे योजना पारित हुने, पारित योजनाहरू कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खरिद प्रक्रिया कानून

अनुसार नहुने, दिगो योजना नबनाउने लगायतका समस्या रहेका छन्। स्थानीय तह आफैंले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत् गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन।

| सैद्धान्तिक बेरूजु |
|---|

१७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्र भित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्क नगरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

१८ **कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न ५ पदमा १५ जना कर्मचारीहरू करारमा राखी रू. ५७४९८४९।०० खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करारबाट सेवा लिनसकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको ईन्जिनियर १,सव ईन्जिनियर २, अ.स.ई.३, सहायक कम्प्युटर अपरेटर १, जना गरी ४ पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रू.३१,८१,८४१।०० भुक्तानी गरेको देखिएको छ। यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरूको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | ३१,८१,८४१ |
|---|---|

१९ **विविध खर्च –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रू. ३६७३९६५।०० खर्च गरेको छ। यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ।

| सैद्धान्तिक बेरूजु |
|---|

२० **व्यक्तिगत धरौटी –** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली,२०७७ को नियम ६४(१) मा कार्यालयले आफ्नो नामबाट एकल कोष धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वारा धरौटी

खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ।कार्यालयले व्यक्तिगत धरौटी राखेको छैन। अतःकार्यालयले व्यक्तिगत धरौटी खाता राखी अध्यावधिक गर्नु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरूजु

२१ **धरौटी सदरस्याहा –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६७ मा तोकिए बमोजिमको कार्यविधि अपनाई कार्यालयप्रमुखले राजस्वमा आम्दानी बाँध्नुपर्ने उल्लेख छ । कार्यालयको यस आ.व.को अन्तमा रू.३५४२५४९।०० धरौटी मौज्दातमा रहेको देखिन्छ । नियममा भएको व्यवस्था अनुसार प्रयोजन सकिएको धरौटी सदरस्याहा गरि धरौटी खाता अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

२२ **बैठक भत्ता –** पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रू.२०९४२८५ खर्च गरेकोछ।पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको छ ।बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छ।बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरूबाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेको,विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।तसर्थ, पालिकालेबैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालनतथा सार्वजनिकखर्च मितव्ययी बनाउँनु पर्दछ।

सैद्धान्तिक बेरूजु

२३ **तलवी प्रतिवेदन –** सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ कर्मचारीको रू.३८४६०००।०० शिक्षातर्फ शिक्षकहरूको रू.६४१०००००। र पालिकाका कर्मचारीको रू.८४५००००।०० समेत रू.७६३९६०००।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

२४ **अग्रिम कर –** आयकर ऐन २०५८ अनुसार प्रशिक्षक भत्तामा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले देहायका प्रशिक्षकहरूलाई रकम भुक्तानी गर्दा १५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्नेमा १ प्रतिशत मात्र कर कट्टा गरेको पाइएकोले नपुग कर असुल हुनुपर्ने रू.

| भौ.नं. मिति | नाम | विवरण | भुक्तानी रकम | कर रकम | कट्टी रकम | नपुग रकम |
|---|---|---|---|---|---|---|
| १५०-२।२५ | पर्शुराम पोखरेल | मुढा तथा हस्तकला सम्बन्धि सिप विकास तालिम ४५ दिने | ३०००० | ४५०० | ३०० | ४२०० |
| २२२-३।१६ | अमिता कुलुङ्ग | सिलाई कटाइ तालिम ३ महिने | ८१००० | १२१५० | ८१० | ११३४० |
| | जम्मा | | | | | १५५४० |
| | | | | | असुल गर्नुपर्ने | १५,५४० |

२५ **कर्मचारी प्रोत्साहन भत्ता –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रू. ३६८८९८४।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

२६ **जिन्सी सामान –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार जिन्सि मालसामान ७ दिन भित्र दाखिलागरी श्रेस्ता खडा गर्नु पर्ने उल्लेख छ।कार्यालयले विभिन्न कार्यको सिलसिलामा खरिद गरेको खप्ने र नखप्ने जिन्सि सामानहरू दाखिला नगरेको साथै अन्य संस्था लाई अनुदान स्वरूप उपलव्ध गराएको सामानको सम्वन्धित संस्था र कार्यालयले आफ्नो जिन्सि खातामा दाखिला नगरेका कारण जिन्सि दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू.

| गौ.भौ.नं /मिति | संस्थाको नाम | सामानको विवरण | रकम |
|---|---|---|---|
| १४/०७९/११/१६ | रेडक्रस सोसाईटी | फर्निचर सामाग्री | ९९४४० |
| ४६/०८०/३/१५ | विभिन्न विद्यालय | मेवाहाङ भाषा पाठ्यपुस्तक | १६२७२० |
| ४७/०८०/३/१५ | वाला माध्यमिक विद्यालय | अग्रेजी माध्यम कक्षा संचालनको लागी पुस्तक खरिद | ५५७६० |

| | | |
|---|---|---|
| | जम्मा | ३१७९२० |
| | प्रमाण पेश नगरेको | ३,१७,९२० |

२७ **अन्य कार्यालयको दैनिक भ्रमण भत्ता –** भ्रमण खर्च भुक्तानी गर्दा कार्यालयको काम सँग सम्बन्धित हुनु पर्ने र अन्य निकायका कर्मचारी भ्रमण खर्च भुक्तानी गर्न मिल्दैन ।कार्यालयले फिल्ड रेखाङ्कन गर्नको लागी नापी कार्यालयका कर्मचारीहरू स.ले.पा., का.स., अमिन र सर्वेक्षक समेत ४ जनालाई रू.२४१५०।०० भ्रमण खर्च भुक्तानी गरेको पाइयो ।रेखाङ्कनको लागी स.ले.पा. र का.स.आवश्यक नभएको तथा फिल्ड रेखाङ्कनको प्रतिवेदन समेत नदिएकोले उत्त खर्च भुक्तानी गर्नु नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २४,१५० |

२८ **मर्मत खर्च –** सार्वजनिक खरिद नियमावली २०६४ नियम १३(५) मा सार्वजनिक निकायले कुने मालसमान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यससम्वन्धि विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीवाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति,फर्म,कम्पनी वा संथावाट लागत अनुमान गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मर्मतमा रू.११८३५०४।०० खर्च गरेकोमा नियमावलिमा व्यवस्था भए वमोजिम दक्ष विशेषज्ञ वाट लागत अनुमान तयार नगरी मर्मत आदेश वेगर खर्च गरेको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था पालनागरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२९ **इन्धन खर्चको मापदण्ड –** प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्यिता सम्वन्धि निर्देशिका २०७९ मा सवारी साधनको किसिम इन्धन खर्च र मर्मत खर्चमा एकरू.पता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष इन्धन खर्चमा कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रू. १५६०९३८ खर्च गरेको छ।पदाधिकारी तथा कर्मचारीलाई मासिक रूपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्च लाइ मितव्ययी वनाउन इन्धन खर्चको मापदण्ड वनाउने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

३० **सुचना प्रकाशन –** पालिकाले विभिन्न मिडियाहरू.मा सूचनाप्रकाशन तथा प्रसारण वापत रू. ४५९६३३।०० खर्च गरेको छ। आर्थिक वर्षको सुरूवातमा नै दररेट माग गरी प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था गर्नुपर्दछ । गाउँपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्यविभिन्न फर्महरू मार्फतभुक्तानी गरेकोमा मिडिया फर्महरू बीचकुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन ।सूचना प्रकाशन गर्दा मिडियाहरूबीच पतिस्पर्धा गराई न्यून कवोल गर्नेमिडिया फर्मसँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान

जानुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३१ **सफ्टवेयर खरिद –** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रू. १७८१८८।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

३२ **भ्रमण खर्च –** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रू. २१८५०३५।०० भुक्तानी गरेको छ। अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएको छैन।कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष त सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको छ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानी गरेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३३ **स्पेशिफिकेशन तथा अनुगमनको प्रतिवेदन पेश नभएको –** गरिवी निवारण तथा लघु उद्यम कार्यक्रम संचालन गर्न सर्वश्री ट्रेड कन्सर्नबाट १७ वटा सिलाई मेशिन २ वटा आइरन र ८ कैंची समेत रू. २२५८९८ समुहको साझेदारीमा खरिद गरी रू. ११८४६८ कार्यालयबाट भुक्तानी भएकोमा देहायअनुसार पाइयो ।

१.कार्यालय र सफलता सिलाई कटाइ लघु उद्यमी समुह विच मिति २०८०।१।२५ मा कार्यक्रम संचालन गर्ने संझौता भएको छ।तर कार्यालयलाई सर्वश्री ट्रेड कन्सर्नबाट २०७९।१२।२ मै सामाग्री उपलब्ध गराएको पाइन्छ ।संझौता भन्दा अगाडी नै खरिद कार्य गर्दा कारोवारको विश्वशनियता देखिदैन।यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

२. सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ (१ )मा मालसामान खरिद गर्दा कार्यालयले स्पेशिफकेशन तयार गर्नु पर्ने व्यावस्था भएकोमा स्पेशिफेकेशन तयार गरेको छैन ।

३.सिप विकास तालिम पश्चात समुहका सदस्यहरू आय आर्जनको कार्यमा संलग्न रहे नरहेको अनुगमनको प्रतिवेदन पेश नभएको ।

सैद्धान्तिक बेरूजु

३४ **सीप विकास तथा रोजगारी मुलक तालिम –** हरेक बर्ष लक्षित वर्गको लागि सीपमूलक तथा रोजगारीमूलक तालिमहरू संचालन हुने गरेकोमा हाल सम्म के कति जनाले कुन प्रकारका तालिम लिए, तालिमको उदेश्य अनुसार स्वरोजगार वा रोजगारी श्रृजना भएका छन कि छैनन, तालिम लिएका लाभग्राहीको सीप तथा क्षमता विकास भएर जीवन स्तरमा सुधार भै समुदायमा सकारात्मक परिवर्तन भएको छ की छैन भनी गाउपालिकाले अनुगमन गरी तालिममा भएको लागत खर्च र उपलब्धीको विश्लेषण गरी तालिम लिइ सकेका र लिनु पर्ने लक्षित बर्गको कुनै अभिलेख राखेको देखिएन । गाउपालिकाले श्रोत र साधन तथा लक्षित वर्गको लागि आवश्यकता भएको तालिमको पहिचान गरी तालिम कार्यक्रम राखेको देखिएन । पालिकाले गत गाउँविगत बर्ष देखि एकै प्रकारका तालिमहरू एकै प्रकारका तालिम दाताहरूवाट संचालन गरी रहेकाले तालिमका सहभागिहरू एकै प्रकारको तालिममा दोहोरिएका वा एकै व्यक्तिले धेरै प्रकारका तालिममा सहभागीता जनाएका छन प्रष्ट हुने अभिलेख नदेखिएकोले कार्यक्रमवाट अपेक्षा अनुरूप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन।

सैद्धान्तिक बेरूजु

३५ **खर्च बिश्लेषण –** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रू. २३९६०६२।२३ राजस्व बाँडफाँड र अनुदानबाट रू. ३४५४२२००४।९८ समेत रू.३४७८१८०६७।२१ आम्दानी भएकोमा चालु तर्फ रू.२५९५८४६८८।२१ र पूँजिगत तर्फ रू.१५८०१९३०२।०७ समेत रू.४१७६०३९९०।२८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.९४०७२९९।०० खर्च भएको छ जुन आन्तरिक आयको ०.५७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८२.७१ प्रतिशत चालु र १७.२९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३६ **त्रैमासिक पुजीगत खर्च –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| क सं | बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ |
| १ | समानिकरण | ९५८९८२०५ | ० | ९५८९८२० | १९१७९६४१ | १३५४९१०२ | ३९५९२८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | | |
| २ | आन्तरिक स्रोत | ८७८७०४०० | ० | १०९८३८०० | २१९६७६०० | ५४९१९००० | ३२९५१४०० |
| ३ | राजस्व बाँडफाड | ६४९१४७१६ | ० | १६२२८६७९ | ८११४३३९ | ४०५७१६९५ | ३२४५७३५८ |
| ४ | सँघीय सशर्त अनुदान | १५२६०५६७८ | ० | ३८१५१४२० | १९०७५७१० | ९५३७८५५० | ५७२२७१३० |
| ५ | सँघीय समपुरक | ४०००००० | ० | ० | ४०००००० | ० | ० |
| ६ | प्रदेश सशर्त अनुदान | ५१८००० | ० | ० | २५९००० | २५९००० | २५९००० |
| **जम्मा** | | ४०५८०६९९९ | **०** | ७४९५३७१९ | ७२५९६२९० | २०४६७७३४७ | १२६८५४१७० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रू.४०५८०६९९९।०० निकासा/खर्च भएकोमा प्रथम त्रैमासिक मा शुन्य खर्च (० प्रतिशत), दोस्रो त्रैमासिकमा रू.७४९५३७१९।०० (१८.८४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रू.७२५९६२९०।०० (१७.८८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै चौथो त्रैमासिकमा रू.२०४६७७३४७।००(५०.४४ प्रतिशत) र अषाढमा महिनामा मात्र रू.१२६८५४१७०।००(३१.२६ प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र अषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

३७ **योजना तथा कार्यक्रम –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुटयाएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रू.. १ लाख भन्दा कमको योजना | १४ | १२५००००।०० |
| २ | रू.. १ लाख देखि २ लाख सम्मका योजना | ३५ | ६६५००००।०० |
| ३ | रू.. २ लाख देखि ५ लाख सम्मका योजना | ७१ | २५५८५०००।०० |
| ४ | रू..५ लाख एक देखि १० लाख सम्मका योजना | २९ | २१०५४६६०।०० |
| ५ | १० लाख भन्दा माथीका | १५ | २७४०००००।०० |
| जम्मा | | १६४ | ८१९३९६६० |

सैद्धान्तिक बेरूजु

३८ **पेश्कीलाई खर्च जनाएको –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०, ५१ र ५२ मा पेश्की सम्बन्धी व्यबस्था गरेको छ ।पलिकाले निम्न कार्यको लागि निम्न फर्महरूलाई पेश्की रकम भुक्तानी दिदा पेश्की कोलममा नचढाई भुलवश सिधै भुक्तानी दिई खर्च जनाएको छ ।यसरी कार्य सम्पन्न नभई अग्रिम रूपमै भुक्तानी दिई खर्च जनाएको हुदाँ उक्त रकम बराबरको कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने खर्च घटाउनु पर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,११,००,००० |

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३९ **हेभी इक्विमेण्डको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।अतः पालिकाले सडक स्तरउन्नती तथा सडक ट्र्याक विस्तार गर्ने प्रकृतिको कतिपय योजनाहरूमा सबै कार्य आईटमहरू मेशिनबाट गराउँदा जनश्रमदानको अंश नहुने, मेशिनमार्फत सवै काम हुँदा स्थानीय रोजगारी श्रृजना नहुने र यसरी गराएको काम सार्वजनिक खरिद ऐनको प्रतिकुल समेत हुने देखिन्छ। अतः स्थानीय लाइ रोजगारी श्रृजना हुने र आफैले गर्न सक्ने काम मात्र उपभोक्ता समितिमार्फत काम गराइ कार्यान्वयन गर्नुपर्ने देखिन्छ यसका केही उदाहरणहरू यस प्रकार रहेका छनः

सैद्धान्तिक बेरूजु

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४० **ठेक्का व्यबस्था –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ९.५ देखि २०.५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सैद्धान्तिक बेरूजु

**(विस्तृत विवरण बेरूजु दफा ४० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४१ **अधुरा आयोजना –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरू.को भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसार रू. ४०३३५६७५।५८ का ४ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ ।यस प्रकारको दायित्व विगत वर्षहरूको समेत सार्दै आएको छ।सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

**(विस्तृत विवरण बेरूजु दफा ४१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४२ **झोलुगे पुलको स्टिल पार्टस खरिदमा ओभरहेड –** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको हकमा मात्र १५ प्रतिशत ओभरहेड राख्न पाउने उल्लेख छ। यस व्यवस्था अनुसार मालसामान खरिदमा ओभरहेड राख्न मिल्ने कानूनी व्यवस्था छैन।कार्यालयले निम्न झोलुँगे पुल निर्माण कार्यको लागी झोलुँगे पुलको स्टिल पार्टस खरिदमा (स्टिल पार्टस खरिद अघिल्लो बर्ष झो.पु निर्माण कार्य

सम्पन्न यस बर्ष भएको) लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड दिएको देखिन्छ। ओभरहेड गणना नगरी लागत अनुमान तयार गर्नुपर्नेमा लागत अनुमानमा ओभरहेड राखी बोलपत्र आह्वान गर्दा वास्तविक हुनुपर्ने लागत अनुमान भन्दा रू. ४३६९७२.५० वढीको लागत अनुमान तयार भएको देखिन्छ। लागत अनुमान तयार गर्दा वस्तुको हकमा समेत १५ प्रतिशत थप गरी अतिरिक्त व्ययभार थप भएको रकम अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४,३६,९७२.५ |

**(विस्तृत विवरण बेरूजु दफा ४२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४३ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धावाट कार्यालयले गराउनुपर्ने कार्यहरू समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्यमा सुधार गर्नुपर्दछ ।

| भौ नं. | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १८९ | २ नं. वडा कार्यालय तालिम हल निर्माण उ.स. | वडा नं. २ को तालिम हल निर्माण | ९८३९८३।०० |
| जम्मा | | | ९८३९८३।०० |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

४४ **अग्रिम कर –** आयकर ऐन २०५८ को दफा ८८ अनुसार १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ प्रशिक्षक भत्तामा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा नगरेको रू.

| भौनं | विवरण | भुक्तानी रकम | कर रकम | कैफियत |
|---|---|---|---|---|
| २०६-३।१४ | स्वास्थ जिवन आर्युविदिक ओखती घर | ९४७०० | १४२० | |
| २१९-३।१६ | यूनिसिपल मेडसर्ज इन्टरनेशनल | ८७४७० | ११८१ | १३१ मात्र काटेकोले नपुग कर |
| जम्मा | | | २६०१ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६०१ |

४५ **ILR Refrigerator खरीद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रूपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, तथा दफा ४ मा खरिद कार्य गर्नु खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन योजना विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने उल्लेख छ। पालिकले सन्जु श्री मेडिसिन सप्लायर्स प्रा.लिलाई Inj.Oxytocin भण्डारणका लागी ILR Refrigerator खरीद वपत रू. ३,९८,८९०.०० भुक्तानी गर्दा विभागबाट जारी भएको स्पेसिफिकेशन बमोजिम खरिद गरेको जनाएको छ । लेखापरीक्षणको क्रममा खरिद गरिएको स्वास्थ्य सामाग्री स्पेसिफिकेशन बमोजिम भए नभएको खुल्ने सञ्चालन म्यानुअल तथा आई एस ओ सर्टिफाईड र सप्लाई गरिएका सामान बरावरको बैक २ वर्षको बैक ग्यारेन्टी राख्नुपर्नेमा सो समेत पेश नभएकोले तोकिएको गुणस्तरको सामाग्री प्राप्त भएको एकिन हुन सकेन । उल्लेखित व्यवस्थाको पालना नगरी सोझै खरिद गरी रू. ३,९८,८९०.०० खर्च गरेकोले स्पेसिफिकेश खुल्ने सञ्चालन म्यानुअल तथा आई.एस.ओ सर्टिफाईड र २ वर्ष बैक ग्यारेन्टी समेत पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९८,८९० |

४६ **पत्रकारिता लेखनबृत्ति –** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले माल सामान, निर्माण एवं सेवा खरिद गर्दा आवश्यक कुराहरूको विवरण तयार गर्नुपर्ने, लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने, निर्माण कर्ता एवं विक्रेताको सूची तयार गरी खरिद मूल्यको आधारमा तोकिएको विधि र प्रकृया पूरा गरी खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको स्वीकृत कार्यक्रमबाट भएको पत्रकारिता लेखनबृत्ति (फेलोसिपको रू. ३०००००।०० नागरिक चासो मल्टीमिडिया प्रा.लि. लाई भुक्तानी गर्दा छनौट आधार खुल्ने कागजात पेश भएन । लेखनबृत्ति (फेलोसिप) लागि योगदान पुग्ने अनुसन्धान र विश्लेषण गर्नुपर्नेमा सम्झौता अगावै विभिन्न सञ्चार माध्यममा प्रकाशन भईसकेका समाचारहरू तथा सञ्चार सामग्रीहरू समावेश गरि प्रतिवेदन पेश गरेको देखियो । ऐनको व्यवस्था पालना नगरी तथा पर्याप्त छनौटको प्रकृया पूरा नगरेको तथा पर्याप्त अनुसन्धान र विश्लेषण नगरी पेश भएको प्रतिवेदन समेत उपलव्धिमूलक नदेखिएकोले सो कार्य नियमसंगत मान्न नसकिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

४७ **हिसाब मिलान गर्नुपर्ने –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ७३मा कार्यालयले महिना समाप्त भएको सात दिन भित्र खर्चको फाँटवारी फर्छ्यौट हुन बाँकी पेश्कीको विवरण राजश्व र धरौटीको विवरण राजश्वको बैंक हिसाबको विवरण धरौटीको हिसाव मिलान विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको अभिलेख सँग रूजु गरी तालुक कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले पेश गरेको राजश्वको श्रेस्ताले देखाउने रकम रू. २६१५१६२।०० रहेको तर बैंक स्टेटमेन्टबाट देखिने राजश्वको रकम रू. २३७६८०७।०० रहेकोले श्रेस्तामा भन्दा बैंकमा रू. २३८३५५।०० घटी आम्दानी देखिन्छ ।बैंकमा रकम घटी हुनुको करण पत्ता लगाई हिसाव मिलान

गर्नु पर्ने रू.

सैद्धान्तिक बेरूजु

४८ **अनुत्पादक वितरणमुखी खर्च –** स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरूत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वितरणमुखी कार्यक्रमहरू जस्तै भलिबल प्रतियोगिता, ब्याडमिन्टन प्रतियोगित, विभिन्न खेलकुद विकास कार्यक्रम सञ्चालन तथा विभिन्न वडा उद्घाटन खर्च लगायत कार्यक्रम सञ्चालन गरी रू.१८३७३५५ खर्च गरेको छ । पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरूत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरू वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरूलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४९ **अनुदानको अनुगमन –** सार्वजनिक निकायवाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि,पशु तथा विभिन्न संस्थालाई वीउ पुँजी तथा अनुदानमा खर्च लेखेका छ्न।तर पालिकावाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो वाट प्रात उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।तसर्थ अनुदान लाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानिय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा आएको यकिन गरी रकमको पुर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ।केहि उदाहरणहरू

| गो. भौ . नं/मिति | फर्मको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| ४३/०८०/३/५ | सल्लेरी कृषि तथा पशुपालन फर्म | खोर निर्माण | १५०००० |
| ४४/०८०/३/७ | देवायोङ्ग कृषि तथा पशु फर्म | खोर निर्माण | १४७५५४ |
| ५०/०८०/३/१३ | भोला पशु तथा कृषि तथा पशु फर्म | खोर निर्माण | १५०००० |
| ५१/०८०/३/१३ | नमुना कृषि तथा पशु फर्म | खोर निर्माण | १५०००० |
| ५३/०८०/३/१८ | कविता कृषि तथा पशुपंक्षी फर्म | खोर निर्माणः | २५०००० |
| ३३/०८०/२/१४ | जलकन्या कृषक समुह | तोरी उत्पादन कार्यक्रम | १००००० |

सैद्धान्तिक बेरूजु

५० **स्टिमेट तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएको –** गरिवी निवारणको लागी लघु उद्यम कार्यक्रम अर्न्तगत दल गंगा स्टोरबाट १२० वटा जस्तापाता खरिद गरी रू.१८००६२।०० भुक्तानी भएकोमा बाख्राको खोर निर्माण गर्न ३० जना व्यत्तिलाई ४ वटाका दरले जस्तापाता वितरण गरेकोमा बाख्राको खोर निर्माण गर्ने काम भए नभएको सम्वन्धमा स्टिमेट,वडाको सिफारिस, अनुगमनको रिपोट र कार्यसम्पन्नको रिपोट पेश नभएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८०,०६२ |

५१ **कार्यक्रमको अनुगमन मूल्यांकन नगरी अनुदान उपलब्ध गराएको –** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ४ वुदा ४.१.४ मा पकेट क्षेत्र निर्धारणको लागी क्षेत्र निर्धारण गरिएको छ । तथा वुदाँ नं ४.१.१३ मा स्थानिय तहले अनुगमन मूल्यांकन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आ.व २०७८/७९ मा कार्यान्वयन भएको योजनाको उत्पादन, प्रभावकारीताजस्ता पक्षको मूल्यांकन गरेर उपयुक्त भएमा थप अनुदान उपलब्ध गराउनुपर्ने मा अनुगमन मूल्यांकन नगरी कृषक संग सम्झौता भएको छ । जसले गर्दा उक्त कार्यक्रम निरन्तर संचालन गर्नु प्रभावकारी छ भनी एकिन गर्न सकिएन । अत पालिकाले कार्यक्रम निरन्तरता गर्दा कार्यक्रमको समग्र पक्षको मूल्यांकन गरेर प्रभावकारी भएमा मात्र थप अनुदान उपलब्ध गराउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

५२ **बढी दैनिक भ्रमण भत्ता –** जस्वानि दिपेन्द्र कुमार राईलाई २०८०।२।१४ देखी २।२० सम्म झापा कलवडगुडीमा तालिम लिन ७ दिन को कार्यदिश दिएकोमा ८ दिनको भ्रमण भत्ता भुक्तानी गरेको ले १ दिनको बढि भत्ता भुक्तानी असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६०० |

५३ **औषधि खरिद –**सार्वजनिक निकायले खरिद कार्य प्रतिश्पर्धी र मितव्ययी हुनगरी खरिद गर्नुपर्दछ। गाउँपालिकाले यस वर्ष रू.२६ लाख ७७ हजार को निशुल्क वितरण गर्ने औषधीहरू. खरिद गरी विभिन्न स्वास्थ्य संस्थाहरूलाई हस्तान्तरणगरेको छ। स्वास्थ्य संस्थाहरूबाट औषधीका माग संकलन गरी औषधीको नाम तथा परिमाण खुलाई पटक पटक खरिद गरेको छ। यसरी खरिद गर्दा प्रतिस्पर्धा र मितव्ययी भएको देखिदैन। खरिद कार्यलाई प्रभावकारी बनाई प्रतिस्पर्धाको माध्यम अपनाई खरिद गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ। यस सम्बन्धि देखिएको व्यहोराहरू निम्नानुसार छनः

- खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरू.को बाँकी मौज्दात एकिन नगरेको,
- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

- आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन ।

तसर्थ, औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरू.को जिम्मेवारीलाई जिन्सी अभिलेख खातामा व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

५४ **निकासा अभिलेख नराखेको –** गाउँपालिकाले शिक्षकहरूको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरू यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रूजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन गाउँपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरूपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रूपमा राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

५५ **विद्यार्थी संख्या भन्दा बढी पुस्तक खरिद –** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को बुँदा २.८.३ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानिय तह अर्न्तगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा१-१२ सम्मका विद्यार्थिहरूको यर्थात तथ्याकँसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणीत गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तक संख्या यकिन गर्न र यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थि संख्याकव ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने।शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थि भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ।कार्यालयले देहायका विद्यालयलाई देहाय बमोजिम पाठ्यपुस्तकको रकम भुक्तानी गर्दा भपाई पेश भएको विद्यार्थि संख्या भन्दा बढी पुस्तक खरिद गरेको पाइएको बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७२,६२४ |

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५६ **शिक्षकलाई बढी निकासा –** बालायाम्दा मा.वि. का शिक्षक आनन्द कुमार शाफीले मिति २०७९।१२।१५ मा राजिनामा दिएकोमा निजलाई चैत्र महिनाको पुरै रकम भुक्तानी हुन गएकोले १५ दिनको बढी भुक्तानी असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,८४४ |

५७ **पाठ्यपुस्तकको दोहोरो निकासा –** आर्थिक कार्यविधि तथा वित्तियउत्तर दायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन

आवश्यक बिल भपाई र कागजात सम्लग्न भए नभएको तथा सक्कल कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले सगरमाथा उ.मा.वी.लाई पाठ्यपुस्तको रकम पहिलेनै भुक्तानी दिइ सकेको अवस्थामा पून रू. ८४२१३।०० रकम भुक्तानी गरेकोले बढी रकम भुक्तानी भएको असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,२१३ |

५८ **भर्पाइ पेश नभएको –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यत्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भपाई र कागजात सम्लग्न भए नभएको तथा सक्कल कागजात अनुसार भुक्तानी दिन रित पुगेनपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले ५७१० पाकेट सेनेटरि प्याड खरिद गरेकामा वितरण नगरि मौज्दात रहेको पाइयो । मौज्दात रहेको सेनिटर प्याड वितरण गरि भपाई पेश हनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१९,६१० |

५९ **शिर्षक फरक पारी खर्च –** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० अनुसार तोकीएको खर्च शिर्षकबाट खर्च लेख्नु पर्दछ।कार्यालयले देहायका कार्यक्रममा खर्च गर्दा शिर्षक फरक पारी खर्च लेखेको पाइएकोले उक्त खर्च नियम सम्मत नदेखिएको रू.

| भौन मिति | विवरण | खर्च लेख्नु पर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|---|
| २४५-३।१९ | पाठ्यपुस्तक खरिद | पाठ्यपुस्तकको रकम | दिवाखाजा | ३७५६६ |
| २६२-३।२४ | मोटरसाइकल खरिद | पूँजिगत | अस्पतालमा कार्यरत स्वास्थ कर्मचारीहरू.को तलव भत्ता | ८२३८०० |
| | | | जम्मा | ८६१३६६ |

| | |
|---|---|
| अनियमित भएको | ८,६१,३६६ |

६० **विद्यालयको लेखापरीक्षण –** गाँउपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । गाँउपालिका अन्तर्गत ३७ सामुदायिक विद्यालयहरू रहेकोमा आ.व. २०७९।८० को अन्तिम लेखापरीक्षण अवधिसम्म ३७ बिद्यालयले लेखापरीक्षण गराएको पाइएन।अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरूको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाँउपालिकाले दिएको निकासा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

६१ **शिक्षक दरबन्दी र पदपुर्ति –** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न

तहका ३७ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| विभिन्न २० विद्यालय | १५६ | ९९ | ४७ | २२६३ |

सैद्धान्तिक बेरूजु

६२ **कानुन र सञ्चालन स्थिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरू.ले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, २ वटा नियमावली, ३१ कार्य विधि तथा १ निर्देशिका लगायत ४१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले ४१ वटा कानूनहरू निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरू मध्ये अधिकाँश कानुनहरू राजपत्रमा प्रकाशन गरेको छ। तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरूजु

६३ **बेरू.जु अभिलेख –** पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरूजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरूजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ ।

• म.ले.प. फाराम नं. ८०१ बेरूजु लगत

• म.ले.प. फाराम नं. ८०२ बेरूजुको कार्यालयगत प्रतिवेदन

•म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख ।

सैद्धान्तिक बेरूजु

६४ **जिन्सी –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरू.को Public Asset

Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

६५ **पेश्की बाँकी –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रू.६६०९०००।०० बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रू. ९५०००।०० फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रू.

| | |
|---|---|
| पेश्की | ९५,००० |

**(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६६ **सहकारी नियमन –** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

६७ **मुल्य अभिवृद्धि कर दाखिला नगरेको –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले मुल्य अभिवृद्धि करको शत प्रतिशत नै तपसिलका फर्मलाई भुक्तानी दिएकोले मु.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रू. .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५४,०३४.६५ |

(विस्तृत विवरण बेरूजु दफा ६७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६८ **कार्य सम्पादन जमानत –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारका निर्माण कार्यको कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन।कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

| योजनाको नाम | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्य सम्पादन जमानत | म्याद सकिने मिति | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप भएकोमा कायम भएको मिति |
|---|---|---|---|---|---|---|
| चटेक्मा, नेवाटर देखि गोगने सडक योजना | सडक योजना कार्य | मँगलादेवी निर्माण सेवा प्रा.ली. खाँदबारी १ | १३८०००।०० | २०८०।१०।२४ | २०७९।१२।२० | - |

सैद्धान्तिक बेरूजु

६९ **परामर्श तथा डि पी आर खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरूयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| सँखुवा दोभान देखि पुखुवासम्म योजना | सेभ द प्लानेट प्रा.ली. | ७९९२६१।५२ | ७९१०००।०० | ५३५९०७०५९।४० |
| बैरेनी मोटरेबल पुल योजना | आरम्भ ईन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा ली | १६७३७८७।६९ | १४६९०००।०० | ३८५६६७००७।७४ |
| तिवाखोला मोटरेबल पुल निर्माण | किरू. ईन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा ली | १४२५२४८।४८ | ११७४०७०।०० | ४९१८६४८५।६३ |
| गाँउपालिका भु उपयोग कार्यक्रम सञ्चालन | हरि ओम ईन्जिनियरिङ्ग ग्रुप अफ कम्पनीज प्रा ली | ७३१०५७।२८ | ६९८९०५।०० | - |
| गाँउपालिका रिङ्गरोड गुरू.योजना कार्यक्रम | शाह ईन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा ली | १००००००।०० | ९८९०२०।०७ | ४१५०८५३४१।६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट

बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

| सैद्धान्तिक बेरूजु |
|---|

७० **सिसुवा खोला मोटरेवल पुल निर्माण**

७०.१ पालिका अन्तर्गतको सिसुवा खोला मोटरेवल पुल निर्माण गर्न निर्माण व्यवसायी अमर कुङ्गसालिन जे भी सँग मू.अ.कर समेत रू.४,६५,२७,०२९।०० को खरिद सम्झौता भएको स्वीकृत गरि शुरू म्याद २०८१-०३-०९ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७९-०१-११ मा सम्झौता गरि यसवर्ष रू. ८२ लाख पेस्की र प्रथम विल रू. १,०१,७८,४०९।०० भुक्तानी गरेकोमा देहायका व्यहोराहरू देखिएका छन्
निर्माण व्यवसायि सँग भएको सम्झौताको बुँदा नं जिसिसि ३४.३ मा निर्माण कार्यको कार्यतालिका हरेक ६० दिनमा अपडेट गर्नुपर्ने उल्लेख छ । ढिला कार्यतालिका पेश गरेको अवस्थामा रू.२,००,०००।०० रोक्का राख्नुपर्ने व्यवस्था समेत रहेको छ । लेखापरिक्षणको क्रममा निर्माण व्यसायिवले अध्यावधिक कार्यतालिका पेश नै गरेको देखिएन । कार्यतालिका माग गरी कार्यतालिका वमोजिमको समयमा निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ । सम्झौताका शर्त वमोजिम अध्यावधिक कार्यतालिका पेश नगरेकोले रू.२,००,०००।०० रोक्का राख्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | २,००,००० |
|---|---|

७०.२ बिल अफ क्वान्टिटीको प्रोभिजन सममा निर्माण कार्यको गुणस्तर नियन्त्रण गर्न आवस्यक पर्ने सेफ्टी उपकरणहरू रू. ३७५००।०० ल्याव टेष्ट गर्न भनी रू. ४०,०००।०० भुक्तानी भएकोमा प्रयोगशालाको विल वेगर निर्माण व्यवसायीलाई रू. ७७,५००।०० भुक्तानी गरेको देखियो । उक्त रकमको विल पेश हुनुपर्ने अन्यथा निजबाट असुल हुनुपर्ने रू.

| प्रमाण पेश नगरेको | ७७,५०० |
|---|---|

७१ **सम्पत्ति प्राप्ती उपयोग र सँरक्षण –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ ।

**रू. हजारमा**

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | नदिएको |

| | | | | |
|---|---|---|---|---|
| सवारी साधन (रू..१ लाखभन्दा बढी) | | १ जीप | | खरिद गरेको |
| | | ९ मोटरसाइकल | ३८१४५०० | |
| उपकरण (रू..१ लाखभन्दा बढी) | | १ जे सी बी | ३८१४५०० | खरिद गरेको |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | नभएको |
| अतिक्रमणमा परेको जग्गा | | | | नभएको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | नभएको |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

७२ **सिलिचोङ् गाँउपालिका भवन निर्माण –** कार्यालयले ठे.नं. १५/२०७८।७९ सिलिचोङ् पालिका भवन निर्माण को लागत अनुमान रू. ८,२१,५९,६३०।२६ विद्युतिय बोलपत्र आव्हान गरेकोमा न्यूनतम कबोल गर्ने निर्माण व्यवसायी छुमा गणेश चैनलिङ्क जे भि कबोल अङ्क रू.७,१७,३७,३६०।३७ स्वीकृत गरि शुरू म्याद २०८२-०३-१० सम्ममा सम्पन्न गर्ने गरी मिति २०७९-०३-३१ मा सम्झौता गरि यसवर्ष रू. १ करोड ३८ लाख १४ हजार पेस्की भुक्तानी गरेकोमा देहायका व्यहोराहरू. देखिएका छन्

निर्माण व्यवसायि सँग भएको सम्झौताको वुँदा नं जिसिसि ३४.३ मा निर्माण कार्यको कार्यतालिका हरेक ६० दिनमा अपडेट गर्नुपर्ने उल्लेख छ । ढिला कार्यतालिका पेश गरेको अवस्थामा रू.१०००००।०० रोक्का राख्नुपर्ने व्यवस्था समेत रहेको छ । लेखापरिक्षणको क्रममा निर्माण व्यसायिवले अध्यावधिक कार्यतालिका पेश नै गरेको देखिएन । कार्यतालिका माग गरी कार्यतालिका वमोजिमको समयमा निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ । सम्झौताका शर्त वमोजिम अध्यावधिक कार्यतालिका पेश नगरेकोले रू.१०००००।०० रोक्का राख्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

७३ **नमूना विद्यालय भवन निर्माण अनुदान –** कार्यक्रम कार्याक्रम पुस्तिका २०७९ अनुसार नमुना विद्यालयमा प्राप्त भौतिक पूर्वाधार निर्माण वापत रकमबाट निर्माण भइ कार्य सम्पन्न गरी तोकिए बमोजिमको ढाँचामा नापी किताव/कार्यसम्पन्न प्रतिवेदन लगायतको कागजात सहितको प्रतिवेदन स्थानीयत तहमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सगरमाथा माध्यमिक विद्यालयलाई नमुना विद्यालय अनुदान कार्यक्रम अन्तर्गत विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान वापत रू. १,०१,००,०००/- निकासा गरेको छ । विद्यालयले लेखापरीक्षण अवधि सम्म पनि तोकिएको ढाँचामा प्रतिवेदन पेश नभएकोले उक्त अनुदानको कार्य प्रगति देखिएन । अनुदान रकमको तोकिएको ढाँचामा नापीकिताव/ कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०१,००,००० |

७४ **सामाजिक सुरक्षा लाभग्राहीहरूको तुलनात्मक विवरण**

| लक्षित समुह | आ.ब. २०७८।७९ को चार त्रैमासिकको औसत सँख्या | आ.ब. २०७९।८० को चार त्रैमासिकको औसत सँख्या | भत्ता दर |
|---|---|---|---|
| ज्येष्ठ नागरिक अन्य | ६७० | ८७४ | ४००० |
| ज्येष्ठ नागरिक (दलित) | ३६ | ३० | २६६० |
| ज्येष्ठ नागरिक(महिला) | १४२ | १०८ | २६६० |
| बिधवा | १२६ | १२६ | २६६० |
| पुर्ण अपाङ्ग क बर्ग | २७ | ३० | ३९९० |
| आंशिक अपाङ्ग ख बर्ग | ६८ | ६८ | २१२८ |
| बालबालिका | ३६ | २७ | ५३२ |
| **जम्मा** | **११०५** | **१२६३** | |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

७५ **सामाजिक सुरक्षा तर्फ**

**परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरूको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरू.को सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरूवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरूको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

**सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरूको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरू मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको

पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

**अनुगमनः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

सैद्धान्तिक बेरूजु

७६ **हिसाब भिडान(सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

७७ **बैंक रूजु(सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।तर पालिकाले सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी आवश्यक छानबिन गर्ने गरेको छैन ।

सैद्धान्तिक बेरूजु

७८ **बैंक खाता दोहोरो(सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ परिच्छेद ५ मा बैंक मार्फत भत्ता वितरण गर्ने सम्बन्धि व्यबस्था रहेको छ ।यस पालिकाको सामाजिक सुरक्षा भत्ता वितरण एभरेष्ट बैंक शाखा कार्यालय, सिलिचोङ्ग मार्फत भएको छ ।यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता वितरण भएको रिभर्स फिड परिक्षण गर्दा केही लाभग्राहीहरूको बैंक अकान्ट एउटै भएको देखिएको छ ।लाभग्राही फरक तर बैंक अकान्ट एउटै भएको अवस्था समेत रकम डिपोजिट भएको हुँदा यस सम्बन्धमा पालिकाले आवश्यक छानबिन गरी बढी भुक्तानी भएको वा दोहोरो भएको रकमहरू संघीय सँचित कोषमा दाखिला हुनुपर्दछ ।प्रथम त्रैमासिकको परीक्षण गर्दा देखिएका केही उदाहरणहरुः-

| प्रथम त्रैमासिक | | | | | |
|---|---|---|---|---|---|
| **Ward no.** | **Personal ID** | **Member Name** | **Citizenship no.** | **Bank account no.** | **Deposit amount** |
| 4 | 08400540201290 | debaki Darji | Child Nutrition Grant(Dalit) | 08400540201290 | 1064 |
| 4 | 08400540201290 | Debaki Darji | Child Nutrition Grant(Dalit) | 08400540201290 | 1596 |

सैद्धान्तिक बेरूजु

७९ **निष्कृय खाता(सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ । पालिकाले यस आ.व.मा एभरेष्ट बैंक शाखा कार्यालय सिलिचोङ्ग बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा बैंकबाट प्राप्त नभएको भनी पालिकाबाट प्राप्त भएन । यसर्थ बैंकमा रहेको खातामध्ये निस्कृय खातामा के कति रकम रहेको छ सो सम्बन्धमा स्पष्ट हुन सकिएन । कार्यविधिमा उल्लेखित व्यवस्था र पालिका र बैंकबीच भएको सम्झौताका सर्तहरूको पूर्ण पालना गर्ने र लागू गर्नेतर्फ पालिकाको ध्यान जानु जरूरी देखिन्छ साथै निस्कृय खाता यकिन गरी सो खातामा रहेको रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

८० **अभिलेख व्यबस्थापन**

**एम.आई.एस. विवरणः**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । गाँउपालिकाबाट प्राप्त एम.आई.एसमूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरूको विवरण पूर्ण रूपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र.प्र.नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरूको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

**प्रतिवेदनः**सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्नेमा सो अनुसार पठाउने गरेको देखिएन ।

सैद्धान्तिक बेरूजु

८१ **नागरिकता नम्बर एकै भएका लाभग्राही –** नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ५ वटा वडाको **प्रथम त्रैमासिकको** नमुना परीक्षणको रूपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरूको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरूको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरूले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम.आइ.एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरूजु

**(विस्तृत विवरण बेरूजु दफा ८१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८२ **सामाजिक सुरक्षा वितरण र बाँकी**

८२.१ सामाजिक सुरक्षा ऐन,२०७५ अनुसार सामाजिक सुरक्षा भत्ता पाउन योग्य भएका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यबस्था रहेको छ ।यस पालिका अन्तर्गतका ५ वडाहरूको लागि रू. ५,२५,१२,३५२।०० सामाजिक सुरक्षा भत्ता निकासा गरेको छ ।

| त्रैमासिक | निकासा रकम | बितरण | बाँकी |
|---|---|---|---|
| प्रथम | १२५७८७१७।०० | १२५६९११०।७० | ९६०६।३० |
| दोस्रो | १३१८९०३२।०० | १३१७१०४०।०० | १७९९२।०० |
| तेस्रो | १३२८२०९१।०० | १३२५२७९२।०० | २९२९९।०० |
| चौथौ | १३४६२५१२।०० | १३४९८८९१।०० | (३६३७९।००) |
| **जम्मा** | **५२५१२३५२।००** | **५२४९१८३३।७०** | **२०५१८।३०** |

सैद्धान्तिक बेरूजु

८२.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले एभरेष्ट बैंक शाखा कार्यालय, सिलिचोङ्ग मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रकम मध्ये बैंकले रू. २०५१८।३० रकम मात्र बैङ्कमा बाँकी रहेको छ भनी बैंकले पत्र पठाएको छ।सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,५१८.३ |

८३ **दोहोरो परेका लाभग्राही –** कार्यविधि अनुसार प्रत्येक स्थानीय तह वडा कार्यालयहरूले प्रविष्ट गरेको एम.आई.एस लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरूको बैंक खातामा रकम जम्मा हुने गरी त्रैमासिक रूपमा रकम निकासा गर्नुपर्दछ । एम आई एस लगत रिभर्स फिड परीक्षण गर्दा तपसिलको लाभग्राहीहरूको नाम र नागरिकता नं. एकै भएको अवस्थामा समेत रकम वितरण गरेको पाइएकोले वास्तविक लाभग्राही पहिचान गरी भत्ता पाउने लाभग्राही भए सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा दोहोरो हुनेगरी बैक खातामा जम्मा भएको रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०४,००० |

**(विस्तृत विवरण बेरूजु दफा ८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८४ **दोहोरो सुविधा अभिलेख(सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्तिभरण पाइरहेको व्यक्ति र अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, अवकाश सुविधा एंव अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा पाउने छैन ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरूमा यस किसिमको अभिलेख राखेको पाइएन ।सो कारण सामाजिक सुरक्षा नपाउने व्यक्तिहरू.को भिडान गर्न सकिएको छैन ।आगामी दिनमा वडा कार्यायलयहरूले अभिलेख राखुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

## अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : सिलीचोङ गाउँपालिका, संखुवासभा ।**

| पद | नाम | कार्यकाल सुरू मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामराज पौडेल | २०७८-४-१ | २०८०-०३-३० |
| लेखा प्रमुख | भोलामान राई | २०७८-९-१५ | २०८०-०३-३० |

**बेरूजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,२८९,९४०.३ | ४,८०४,३२९.५ | २३,२५२,०१६.६५ | ० | ० | ९५,००० |
| | | | | प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजू रू. | ३२,४४१,२८६.४५ |
| | | | | प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रू. | ० |
| | | | | संपरीक्षणबाट थप भएको बेरजू रू. | ० |
| | | | | लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजू रू. | ३२,४४१,२८६.४५ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९८३०९४३५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९२१५९००० | चालु खर्च | २५९५८४६८८.२ |
| प्रदेश सरकारबाट अनुदान | १३७१०५४९ | पूँजीगत खर्च | १५८०१९३०२.१ |
| राजश्व बाँडफाँट | ७१५७७७१४.८३ | वित्तीय/अन्य व्यवस्था | ९६५११०४८.०७ |
| आन्तरिक आय | २३९६०६२.२४ | | |
| अन्य आय | ६४५०३८६७ | | |
| कुल आय | ४४४३४७१९३.०७ | कुल खर्च | ५१४११५०३८.३७ |
| बाँकी मौज्दात | | २८५४१५८९.७ | |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू.. | | | | गतवर्ष रू.. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५०,१८,७५,७६९.७२ | ३४,८९,३३,२३१.९८ | | ३४,८९,३३,२३१.९८ | ३६,४९,६५,५८५.६५ | | ३६,४९,६५,५८५.६५ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४९,७७,६८,५१६.७२ | ३४,५४,२२,००४.९८ | ० | ३४,५४,२२,००४.९८ | ३६,२८,०६,३७८.६५ | ० | ३६,२८,०६,३७८.६५ |
| ११००० कर | ११ | ८,५८,०८,१४०.०० | ७,१५,७७,७१४.८३ | ० | ७,१५,७७,७१४.८३ | ६,५५,३७,५५४.७५ | ० | ६,५५,३७,५५४.७५ |
| १३००० अनुदान | | ३१,७२,४५,०००.०० | २७,१४,३८,२२७.९१ | ० | २७,१४,३८,२२७.९१ | २९,५८,६५,६३५.०० | ० | २९,५८,६५,६३५.०० |
| संघीय सरकार | १२ | ३०,०३,०४,०००.०० | २५,७७,२७,६७८.९१ | ० | २५,७७,२७,६७८.९१ | २८,०२,४०,०००.०० | ० | २८,०२,४०,०००.०० |
| प्रदेश सरकार | १२ | १,६९,४१,०००.०० | १,३७,१०,५४९.०० | ० | १,३७,१०,५४९.०० | १,४५,०७,०००.०० | ० | १,४५,०७,०००.०० |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० | ११,१८,६३५.०० | ० | ११,१८,६३५.०० |
| १४००० अन्य राजस्व | | २२,००,०००.०० | २४,०६,०६२.२४ | ० | २४,०६,०६२.२४ | ११,८०,३३९.०० | ० | ११,८०,३३९.०० |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | २,२२,८४९.९० | ० | २,२२,८४९.९० |
| ३२००० वित्तीय सम्पत्ति | | ९,२५,१५,३७६.७२ | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | ४१,०७,२५३.०० | ३५,११,२२७.०० | | ३५,११,२२७.०० | २१,५९,२०७.०० | | २१,५९,२०७.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरू. | | ४१,०७,२५३.०० | ३३,७१,२२७.०० | ० | ३३,७१,२२७.०० | ११,८८,००७.०० | ० | ११,८८,००७.०० |
| धरौटी | | ० | १,४०,०००.०० | ० | १,४०,०००.०० | ९,७१,२००.०० | ० | ९,७१,२००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५०,५८,७५,७६९.७२ | ४२,११,५३,८६५.२८ | | ४२,११,५३,८६५.२८ | ३१,३६,११,८०६.०० | | ३१,३६,११,८०६.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०,१७,६८,५१६.७२ | ४१,७६,०३,९९०.२८ | | ४१,७६,०३,९९०.२८ | ३१,०६,७१,८३६.०० | | ३१,०६,७१,८३६.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ११,४८,१३,१५६.०० | १०,५१,६२,४२५.६० | ० | १०,५१,६२,४२५.६० | ९,९६,९१,८९१.०० | ० | ९,९६,९१,८९१.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,४३,१२,९५८.०० | ९,९१,१५,७८७.६१ | ० | ९,९१,१५,७८७.६१ | ८,३०,२१,३८८.०० | ० | ८,३०,२१,३८८.०० |
| २५००० सहायता (Subsidy) | १८ | ४,००,०००.०० | ४,००,०००.०० | ० | ४,००,०००.०० | ३९,२०,२२१.०० | ० | ३९,२०,२२१.०० |
| २६००० | १८ | १,७७,०३,२२०.०० | १,७४,५३,७४५.०० | ० | १,७४,५३,७४५.०० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अनुदान | | | | | | | | |
| २७००० सामाजिक सुरक्षा | १८ | ४६,५५,०००.०० | ४२,७४,१०४.०० | ० | ४२,७४,१०४.०० | ९२,८३,८८८.०० | ० | ९२,८३,८८८.०० |
| २८००० अन्य खर्च | १८ | ३,५२,८५,५२३.०० | ३,३१,७८,६२६.०० | ० | ३,३१,७८,६२६.०० | ९,०१,६३६.०० | ० | ९,०१,६३६.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८,४५,९८,६५९.७२ | १५,८०,१९,३०२.०७ | ० | १५,८०,१९,३०२.०७ | ११,३८,५२,८१२.०० | ० | ११,३८,५२,८१२.०० |
| घ. अन्य भूक्तानी | | ४१,०७,२५३.०० | ३५,४९,८७५.०० | | ३५,४९,८७५.०० | ३१,३६,११,८०६.०० | | ३१,३६,११,८०६.०० |
| कोषहरू. | | ४१,०७,२५३.०० | २७,६१,५७६.०० | ० | २७,६१,५७६.०० | २६,६८,९७०.०० | ० | २६,६८,९७०.०० |
| धरौटी | | ० | ७,८८,२९९.०० | ० | ७,८८,२९९.०० | २,७१,०००.०० | ० | २,७१,०००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (४०,००,०००.००) | (७,२२,२०,६३३.३०) | | (७,२२,२०,६३३.३०) | ५,१३,५३,७७९.६५ | | ५,१३,५३,७७९.६५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,५२,३२,१११.७२ | | ९,५२,३२,१११.७२ | ४,७२,६२,६४९.०७ | | ४,७२,६२,६४९.०७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४०,००,०००.००) | २,३०,११,४७८.४२ | | २,३०,११,४७८.४२ | ९,८६,१६,४२८.७२ | | ९,८६,१६,४२८.७२ |

**बेरूजु दफा ३८ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क.स. | गो.भा.न.।मिति | कार्य | निर्माण व्यबसायी\फर्म | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १२।०७९।७।२४ | गाँउपालिकाको भवन निर्माण योजना | छुमा गणेश चैंकलिक जे.भी.(६१८७४३००७) | ७००००००।०० |
| २ | १६।०७९।८।२९ | सिसुवाखोला सडक मोटरबाटो पुल(साझेदार) निर्माण कार्य | अमर कुङ्शालिङ जे.भी.(६१८०५५७३५) | ४१०००००।०० |
| **जम्मा** | | | | ११११०००००।०० |

**बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| गो भा न | उपभोक्ता समितिको नाम | कामको विवरण | मुल्यौंकन | भुक्तानी | मेशिन प्रयोगको मु.अ.कर बिल |
|---|---|---|---|---|---|
| ५२ | पिसुवा, छोयोङ्ग, सिम्ले, खाम्बु, तम्बे सडक निर्माण उ.स. | निर्माण कार्य | २२४५३१०।४० | १९९४७८५।०० | २०१९८२०।३५ |
| ५७ | पातिमा मगुवा सडक योजना उ.स. | निर्माण कार्य | १४७८३७२।२२ | १२९५९२८।०० | ११५३२८१।५९ |
| ९५ | छेरछेरे तम्बे सडक स्तरोन्नती तथा सडक निर्माण योजना उ.स. | माटो काट्ने कार्य | १३३६०४७।१७ | ११९९८६०।०० | १०१६१७३।५२ |
| ११० | चित्रे पुनर्वासस बकाङ कमेरे बुकुरचोङ सिलिचोङ सडक योजना उ.स. | माटो काट्ने कार्य | ११२७७२३।३७ | १००००००।०० | १०२१३६५।०० |
| ११३ | गोपनी सडक निर्माण योजना उ.स. | निर्माण कार्य | ११२४८३७।७८ | ९९२११९।०० | १०५८३९२।२० |
| ११६ | छागे, भिमसेन, तिवाटार सडक योजना उ.स. | निर्माण कार्य | १९७३०४०।५८ | १७३९४८२।०० | १७८०९१२।९१ |
| १३७ | भिमसेन ताम्लुक सिमाना जोड्ने सडक निर्माण योजना उ.स. | निर्माण कार्य | ६६६४२५।५४ | ५९०९८३।०० | ५९८४०५।९७ |
| १६४ | लाकुवा सिभा सडक योजना उ.स. | निर्माण कार्य | ११३९१४४।८८ | ९८९१२९।०० | ९५७४२१।८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७३ | लकुवा सिरान टोल सडक निर्माण उ.स. | माटो काट्ने काम | १०७८७२२।४५ | ९१७४३४।०० | ८९५५२४।०५ |
| २०५ | मुलगाँउ लगुवा सडक निर्माण उ.स. | माटो काट्ने काम | ६७७५५०।६७ | ६०००००।०० | ५२६९२३।११ |
| २१३ | खोङ्दुवा निबाइमा वाङटाङ तम्बे सडक निर्माण उ.स. | निर्माण कार्य | २१०५४९५।३८ | १८६५१३२।०० | १८८४६८६।०० |

**बेरूजु दफा ४० सँग सम्बन्धित विवरण - अनुसूची -६**

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सिसुवा खोला मोटरेबल पुल निर्माण योजना (बुधबारे) | NCB-SRM-Bridge-02-078-79 | अमर कुन्शालिङ जे.भी., भोजपुर | ५,४५,०१,९९१.१९ | ४६५२७०२९.९५ | १४.६३ |
| २ | वातेम्बा , खाम्खु, वातेम्बा, तम्बे सडक निर्माण योजना | NCB-SRM-03-078-79 | निरउने कन्स्ट्रक्सन एण्ड सप्प्लायेर्स, पा | ४०,५४,९७९.४५ | ३३११०३२.८९ | १८.३५ |
| ३ | सिलिचोंङ क्लब सामुदायिक विकास केन्द्र भवन निर्माण योजना | NCB-SRM-SC-13-078-79 | सिद्धार्थ निर्माण सेवा, गणेशमान चारनाथ न.पा.७ धनुषा | ९७,७१,२२२.१३ | ८८३८६४०.२९ | ९.५ |
| ४ | माङ्तेवा स्वास्थ्य चौकी भवन निर्माण योजना | NCB-SRM-HP-14-078-79 | सोनाम कन्स्ट्रक्सन, खाँदबारी १, संखुवासभा | १,५२,९८,२१८.६० | १३६१२९९१.०४ | ११ |
| ५ | गाउँपालिका भवन निर्माण योजना | NCB-SRM-AB-15-078-79 | छुमा गणेश/चेनलिंक जे.भी., सूर्यविनायक, भक्तपुर | ८,२१,५९,६५०.२७ | ७१७३७५६०.५७ | १२.६८ |
| ६ | सिसुवाखोला स्वास्थ्य चौकी भवन निर्माण योजना | NCB-SRM-07-079-80 | अजिला\मँगलादेवी जे.भी. | ९२,२९,३१६.४५ | ७३३६९११.९५ | २०.५० |

**बेरूजु दफा ४१ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| योजनाको नाम | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो बर्षसम्मको खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सिसुवाखेला मेटरेवल पुल साझेदारी | अमर कुन्शालिङ जे.भी., भोजपुर | २०७९।१।११ | 2081/03/09 | ४६५२७०२९।९५ | १०६५४५३२।०० | २२।९० |
| माङ्तेवा स्वास्थ्य चौकी | सोनाम कन्स्ट्रक्सन, खाँदबारी १, संखुवासभा | 2079/03/31 | 2082/03/10 | १३६१२९९१।०४ | ५६१६९७२।०४ | ४१।२६ |
| सिलिचोंङ क्लब सामुदायिक विकास केन्द्र भवन निर्माण योजना | सिद्धार्थ निर्माण सेवा, गणेशमान चारनाथ न.पा.७ धनुषा | 2079/03/10 | 2081/02/19 | ८८३८६४०।२९ | १४३८८९५।०० | १६।२७ |
| **जम्मा** | | | | ६८९७८६६१।२८ | १७७१०३९९।०० | २५।६७ |

**बेरूजु दफा ४२ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| **योजना कार्य** | **खरिद गरेको फर्म** | **ओभरहेड सहितको ला.अ.** | **ओभरहेड बाहेको ला.अ.** | **१५ प्रतिशत ओभरहेड** |
|---|---|---|---|---|
| दाङ्गुवा खोला झो.पु. निर्माण | सेफ स्टील्स प्रा.ली. खैरेनी १ चितवन | १०१२४२३.१० | ८८०३६७.९१ | १३२०५५.२० |
| दाङखा खोला झो.पु. निर्माण | सेफ स्टील्स प्रा.ली. खैरेनी १ चितवन | १३६१६७१.१४ | ११८४०६१.८७ | १७७६०९.३० |
| पिखुला खोला झो.पु. निर्माण | सेफ स्टील्स प्रा.ली. खैरेनी १ चितवन | ९७६०२८.०८ | ८४८७२०।०० | १२७३०८।०० |
| **जम्मा** | | | | ४३६९७२.५० |

**बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -९**

| **बाला मावी** कक्षा | भपाई पेश भएको विद्यार्थि संख्या | खरिद गरेको पुस्तक संख्या | बढी खरिद | दर | रकम |
|---|---|---|---|---|---|
| १ नेपाली | ६ | ११ | ५ | १०८ | ५४० |
| १ अंग्रेजी | ६ | ११ | ५ | १५३ | ७६५ |
| २ नेपाली | ९ | ११ | २ | ११७.७ | २३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ अंग्रेजी | ९ | ११ | २ | १४१.६ | २८३ |
| ३ नेपाली | ९ | ११ | २ | १२७.२ | २५४ |
| ३ अंग्रेजी | ९ | ११ | २ | १५१.२ | ३०२ |
| ४ नेपाली | ७ | १० | ३ | ९६.६ | २९० |
| ४ अंग्रेजी | ७ | १० | ३ | ११८.८ | ३५६ |
| ५ नेपाली | ८ | १० | २ | १०७.८ | २१५ |
| ५ अंग्रेजी | ८ | १० | २ | ११८.८ | २३७ |
| ६ पाठ्यपुस्तक | १२ | १७ | ५ | ७१३ | ३५६५ |
| ८पाठ्यपुस्तक | १४ | १६ | २ | ८८८ | १७७६ |
| ९पाठ्यपुस्तक | ११ | १५ | ४ | ९२० | ३६८० |
| जम्मा | | | | | १२४९८ |

| **सगरमाथा मावी** कक्षा | भपाई पेश भएको विद्यार्थि संख्या | खरिद गरेको पुस्तक संख्या | बढी खरिद | दर | रकम |
|---|---|---|---|---|---|
| १सेट | २० | २५ | ५ | ५२० | २६०० |
| २ सेट | १५ | ३० | १५ | ५५७ | ८३५५ |
| २ जिके | १५ | ३० | १५ | १२२ | १८३० |
| ३सेट | १५ | २० | ५ | ५८१ | २९०५ |
| ३ जिके | १५ | २० | ५ | १७२ | ८६० |
| ४ सेट | २८ | ३० | २ | ६०३ | १२०६ |
| ४ जिके | २८ | ३० | २ | १४५ | २९० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ सेट | १९ | २८ | ७ | ६४१ | ४४८७ |
| ५ जिके | १९ | २८ | ७ | १९५ | १३६५ |
| ६ सेट | ३४ | ५० | १६ | ७१३ | ११४०८ |
| ६ कम्प्युटर | ३५ | ५० | १५ | २३३ | ३४९५ |
| ७ सेट | ४३ | ५२ | ९ | ७५३ | ६७७७ |
| ७ कम्प्युटर | ४३ | ५२ | ९ | २६४ | २३७६ |
| ८ सेट | ५२ | ५५ | ३ | ८८८ | २६६४ |
| ८ कम्प्युटर | ५२ | ५५ | ३ | २८६ | ८५८ |
| ९ सेट | ५७ | ६५ | ८ | ७७७ | ६२१६ |
| ९ ओपिटी | ० | १५ | १५ | ९९ | १४८५ |
| १०अर्थशास्त्र | ४२ | ५५ | १३ | ७३ | ९४९ |
| जम्मा | | | | | ६०१२६ |

**बेरूजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -१०**

| सि.नं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | चालु आ.व. | |
|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको |
| आपुर्तिकर्ता पेश्की | | | | | |
| १ | २०७९।४।१ | सिसुवाखोला सडक मोटरेवल पुल निर्माण(साझेदारी) | अमर कुशालिङ जे.भी. | १२३0000.00 | |
| २ | २०७९।४।१ | सिसुवाखोला सडक मोटरेवल पुल निर्माण(साझेदारी) | अमर कुशालिङ जे.भी. | २८७0000.00 | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | २०७९।७।२२ | मांतेवा स्वास्थ्य चौकी भवन निर्माण योजना | सोनाम कन्ट्रक्सन | ६०००००.०० | |
| ४ | २०८०।१।२९ | गाँउपालिका भवन निर्माण योजना | छुमा गणेश चैनलिंक जे भी | १८१४०००.०० | |
| व्यक्तिगत पेश्की | | | | | |
| ६ | २०७९।१२।२९ | बिमा तथा नवीकरण खर्च | सुरेश तामाङ्ग | | ३५०००.०० |
| ७ | २०८०।१।१० | अपाङ्ग परिचय पत्र समिक्षा तथा वितरण शिविर | रेणु कला राई | | ६००००.०० |
| जम्मा | | | | ६५१४०००.०० | ९५०००.०० |

बेरूजु दफा ६७ सँग सम्बन्धित विवरण - अनुसूची -११

| सि.नं. | गो.भा.न. | विवरण | बिजक नं. | भुक्तानी कर्ताको नाम | भ्याट बाहेक रकम | मु.अ.कर | मुअकर को ३० प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | २३१ | निर्माण कार्य | ०९ | एच एस निर्माण सेवा, झापा | ४७४११३।०० | ६१६३४।७२ | १८४९०।४२ |
| २ | २३२ | निर्माण कार्य | ००४ | निउरेनी कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा ली | ८७२१०९।०० | ११३३७४।१७ | ३४०१२।२५ |
| ३ | २३६ | निर्माण कार्य | ०२ | मिसन एण्ड भिजन बिल्डर्स खादँबारी १ | ८७०८२५।०० | ११३२०७।२४ | ३३९६२।१७ |
| ४ | २३९ | निर्माण कार्य | २६ | बालाली निर्माण सेवा खाँदबारी १ | ८६५३९७।७५ | ११२५०१।७१ | ३३७५०।५१ |
| ५ | २४१ | निर्माण कार्य | १९ | रिजन एण्ड रियाना कन्स्ट्रक्सन प्रा ली खाँदबारी ३ | ८६७१६२.५० | ११२७३१.१३ | ३३८१९।३० |
| जम्मा | | | | | | | १५४०३४।६५ |

बेरूजु दफा ८१ सँग सम्बन्धित विवरण - अनुसूची -१२

| | प्रथम त्रैमासिक |
|---|---|

| क्रस | वडा नं. | लाभग्राही नाम | ना.नं. | व्यक्तिगत परिचय नं. | रकम भुक्तानी |
|---|---|---|---|---|---|
| **1.** | 1 | Dhanisara Rai | 103010212 | 2006031401859 | 12000 |
| **2.** | 1 | Manjin Rai | 103010212 | 2004031509722 | 12000 |
| **3.** | 2 | Narmaya Rai | 103011124 | 2002080503661 | 12000 |
| **4.** | 2 | Sumitra Rai | 103011124 | 2036051501965 | 7980 |
| **5.** | 2 | Parshu Ram Rai | 100 | 2009102004883 | 8000 |
| **6.** | 2 | Binita Kulung | 100 | 2057071400974 | 6384 |
| **7.** | 3 | Tek Bahadur Rai | 103012149 | 2001012005035 | 12000 |
| **8.** | 3 | Devi Rai | 103012149 | 2029121400664 | 7980 |
| **9.** | 3 | Balimaya Rai | 261 | 2004051601733 | 12000 |
| **10.** | 3 | Bishnu Mati Rai | 261 | 2014061503438 | 7980 |
| **11.** | 4 | Dhan Bahadur B.K. | 3228838 | 2003010206771 | 12000 |
| **12.** | 4 | Man Bahadur Darji | 3228838 | 2014021801021 | 7980 |
| **13.** | 4 | Dil Kumari B.K. | 746 | 2014051505203 | 7980 |
| **14.** | 4 | Nari Maya Rai | 746 | 2016052501214 | 7980 |
| **15.** | 5 | Fulmaya Rai | 57515704 | 2004010136976 | 12000 |
| **16.** | 5 | Brij Bahadur Rai | 57515704 | 2004010304491 | 12000 |

बेरूजु दफा ८३ सँग सम्बन्धित विवरण - अनुसूची -१३

| प्रथम त्रैमासिक | | | | |
|---|---|---|---|---|
| वडा नं. | व्यक्तिगत परिचय नं. | लाभग्राही नाम | ना.नं. | रकम भुक्तानी |
| 2 | 2008101303403 | Bahadur Shing Rai | 627803 | 12000 |
| 2 | 2008101301936 | Bahadur Sing Rai | 627803 | 12000 |
| 2 | 2007121201944 | Dhan Kubir Rai | 53815880 | 12000 |
| 2 | 2007123285473 | Dhankubir Rai | 53815880 | 12000 |

| | | | | |
|---|---|---|---|---|
| दोस्रो त्रैमासिक | | | | |
| 2 | 2007123285473 | Dhankubir Rai | 53815880 | 12000 |
| 2 | 2007121201944 | Dhan Kubir Rai | 53815880 | 12000 |
| 2 | 2008101301936 | Bahadur Sing Rai | 627803 | 12000 |
| 2 | 2008101303403 | Bahadur Shing Rai | 627803 | 12000 |
| तेस्रो त्रैमासिक | | | | |
| 2 | 2007123285473 | Dhankubir Rai | 53815880 | 12000 |
| 2 | 2007121201944 | Dhan Kubir Rai | 53815880 | 12000 |
| 2 | 2008101301936 | Bahadur Sing Rai | 627803 | 12000 |
| 2 | 2008101303403 | Bahadur Shing Rai | 627803 | 12000 |
| चौथो त्रैमासिक | | | | |
| 2 | 2010101206453 | BHAKTA BAHADUR RAI | 4923411 | 12000 |
| 2 | 2008111507324 | Bhakta Bahadur Rai | 4923411 | 8000 |
| 2 | 2007123285473 | Dhankubir Rai | 53815880 | 12000 |
| 2 | 2007121201944 | Dhan Kubir Rai | 53815880 | 12000 |
| 2 | 2008101301936 | Bahadur Sing Rai | 627803 | 12000 |
| 2 | 2008101303403 | Bahadur Shing Rai | 627803 | 12000 |
| जम्मा(दोहोरो मध्ये एक मात्र जोडिएको) | | | | १०४०००।०० |